# बार्षिक प्रगति प्रतिवेदन

## २०७८/२०७९

मेरुदण्डीय पक्षघात समूह नेपाल

गोकर्णेश्वर न. पा. ०८ माकलवारी

काठमांडौ ।

प्रस्तोता

केशव थापा

महासचिव

**श्रीमान् अध्यक्षज्यु,**

आज मिति २०७९ साल भदौ ४ गते शनिबारको दिन यस संस्थाको सातौं बार्षिक साधारण सभाका सभापति ज्यु, प्रमुख अतिथि ज्यु, विशेष अतिथि ज्यु, अतिथि ज्युहरु, कार्यसमितिका पदाधिकारी ज्यूहरु, आजिवन सदस्य ज्युहरु यस सस्थाका सल्लाहकार तथा सरक्षंक ज्युहरु र आजको यस कार्यक्रममा सहभागी हुनुभएका सम्पुर्ण महानुभावज्युहरु सबैजनालाई सस्थांको तथा मेरो व्यक्तिगत तर्फबाट नमस्कार । अब म यस सस्थांको आर्थिक बर्ष २०७८/२०७९ को बार्षिक प्रगति प्रतिवेदन पेश गर्न गइरहेको छु । र यस सस्थाले यस आर्थिक बर्षमा गरेका क्रियाकलाप, उपलब्धी, तथा आगामी बर्षका योजनाहरु प्रस्तुत गर्न गइ गइरहेको छु ।

## संस्थाको परिचय

मेरुदण्डीय पक्षघात समुह नेपाल (SCI Network Nepal) बि.सं. २०७२ सालमा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुद्धारा स्थापना भएको नाफा रहित सामाजिक संस्था हो । यस संस्थाले मेरुदण्ड पक्षघात सम्वन्धी वकालत साथै उनीहरुलाई शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक रुपमा सक्रिय र स्वावलम्वन बनाउने, मेरुदण्ड पक्षघात भएका भाइबहिनीहरुको शिक्षा र राज्यबाट प्राप्त हक अधिकार सुनिश्चित गराउन र अपाङ्गता सम्बन्धि काम गर्ने उद्देश्यले यो संस्था जि.प्र.का. दर्ता नं. १३३/२०७२ र समाज कल्याण परिसद् दर्ता नं. ४२०३६/०७२ मा दर्ता भई सञ्चालित छ ।

## सस्थाका उदेश्यहरु :-

- अपाङ्गता सम्बन्धि विभिन्न कार्यक्रम गर्ने ।
- अन्तराष्ट्रिय अपाङ्गता महासन्धि कार्यान्वयनमा पहल गर्ने ।
- मेरुदण्ड पक्षघात भएका बिद्यार्थिहरुलाई पहुचयूक्त छात्रवासको व्यवस्था गरि शिक्षा तथा शिपमुलक तालिम प्रदान गर्ने ।
- जनसमुदायलाई मेरुदण्ड पक्षघात सम्बन्धि जनचेतना प्रदान गरी पहुचयुक्त वातावरणको निर्माण साथै अपाङ्गता भएका व्यक्तिहरु प्रतिको सोचाइमा सकारात्मक परिर्वतन ल्याउने ।
- मेरुदण्ड पक्षघात भएका बालबालिकाको अभिभावकहरुलाई उनीहरुको छोरा-छोरीहरुको उज्वल भविश्यमा सहयोग पुऱ्याउने ।

- मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको शिक्षा, अनुसन्धान लगाएत अन्य आवश्यकीय विषयहरुमा सहयोग पुऱ्याउने ।
- सरकार तथा विभिन्न सरोकारवला संघ-संस्थाहरुमा शिक्षा, स्वास्थ्य, खेलकुद, रोजगार तथा पहुँययुक्त वातावरणको निर्माणमा पहल गर्ने ।
- मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद तथा विभिन्न क्रियाकलापहरुमा सहभागि गराउने ।
- अपाङता ऐन कार्यान्वयनमा पहल गर्ने साथै पहुँचयुक्तता सम्बन्धी वकालत तथा पैरवी लगायतका क्रियाकलायहरु गर्ने आदि ।

## यस आर्थिक बर्षमा सम्पन्न भएका कार्यक्रमहरु

यस मेरुदण्डीय पक्षघात समुह नेपाल आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न गरेका क्रियाकलाप तथा कार्यहरु यसप्रकार रहेका छन ।

| क्र.स. | मिति | कार्यक्रमहरु/विवरण |
|---|---|---|
| १ | २०७८/०४/०६ | ***AccessibleNepal.com वकालत कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालले नेपालमा अपाङता मैत्री पर्यटन प्रवर्द्धन तथा भ्रमणप्रेमी स्वदेशी तथा विदेशी अपाङता भएका व्यक्तिहरुलाई नेपालका पर्यटकिय स्थलहरुको भ्रमण गर्न सक्ने अपाङता मैत्री वातावरण बनाउन सम्बन्धीत निकायहरुको ध्यानाकर्षण गर्ने, वकालत गर्ने, स्थानिय सरकार, प्रदेश सरकार तथा संघिय सरकार, पर्यटन मन्त्रालय तथा पर्यटन विभाग लगायतका निकायहरुमा आगामी दिनहरुमा AccessibleNepal.com र मेरुदण्डीय पक्षधात समुह नेपालले संयुक्त रुपमा के कसरी काम गर्ने भन्ने विषयमा २ सस्थां बिच छलफल गरियो । |
| २ | २०७८/०४/०८ | ***बुढानिलकन्थ नगरपालिका वकालत कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधीहरुले बुढानिलकन्थ नगरपालिकाको मेयर उपमेयर तथा कर्मचारीज्युहरु भेटेर अब बन्ने भौतिक संरचनाहरु अपाङता मैत्री हुनुपर्ने, अपाङता त्यसमा पनि मेरुदण्ड पक्षघात भई ह्विचियर प्रयोगकर्ता व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी तथा खेलकुदका विषयमा नगरपालिकाले विशेष ध्यान दिनु |

| | | |
|---|---|---|
| | | पर्ने लगायतका विषयमा नगर प्रमुख उपप्रमुखज्युहरुको ध्यानाकर्षण गरियो । साथै यस नगरपालिकामा मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुलाई निशुल्क दैनिक अत्यावश्यक मेकिकल सामाग्रीहरु तथा सम्पुर्ण अपाङता भएका व्यक्तिहरुलाई उनिहरुको आवश्यकता अनुसारको उचित सहायक सामाग्रीहरु उपलब्ध स्थानिय निकाय मार्फत उपलब्ध गराउनु पर्ने विषयमा ध्यानाकर्षण गरियो । |
| ३ | २०७८/०४/१३ | ***काठमाडौं महानगरपालिका वकालत कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधीहरुले काठमाडौं महानगर पालिकाको उपमेयर तथा कर्मचारीज्युहरु भेटेर अब बन्ने भौतिक संरचनाहरु अपाङता मैत्री हुनुपर्ने, अपाङता त्यसमा पनि मेरुदण्ड पक्षघात भई ह्विचियर प्रयोगकर्ता व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी तथा खेलकुदका विषयमा नगरपालिकाले विशेष ध्यान दिनु पर्ने लगायतका विषयमा नगर उपप्रमुखज्युको ध्यानाकर्षण गरियो । साथै यस महानगरपालिकामा मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुलाई निशुल्क दैनिक अत्यावश्यक मेकिकल सामाग्रीहरु तथा सम्पुर्ण अपाङता भएका व्यक्तिहरुलाई उनिहरुको आवश्यकता अनुसारको उचित सहायक सामाग्रीहरु उपलब्ध स्थानिय निकाय मार्फत उपलब्ध गराउनु पर्ने विषयमा ध्यानाकर्षण गरियो । |
| ४ | २०७८/०४/१७ | ***कागेश्वरी मनोहरा नगरपालिका वकालत कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधीहरुले कागेश्वरी मनोहरा नगरपालिकाको मेयर उपमेयर तथा कर्मचारीज्युहरु भेटेर अब बन्ने भौतिक संरचनाहरु अपाङता मैत्री हुनुपर्ने, अपाङता त्यसमा पनि मेरुदण्ड पक्षघात भई ह्विचियर प्रयोगकर्ता व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी तथा खेलकुदका विषयमा नगरपालिकाले विशेष ध्यान दिनु पर्ने लगायतका विषयमा नगर प्रमुख उपप्रमुखज्युहरुको ध्यानाकर्षण गरियो । साथै यस नगरपालिकामा मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुलाई निशुल्क दैनिक अत्यावश्यक मेकिकल सामाग्रीहरु तथा सम्पुर्ण अपाङता भएका व्यक्तिहरुलाई उनिहरुको आवश्यकता अनुसारको उचित सहायक सामाग्रीहरुको निशुल्क व्यवस्था स्थानिय निकायले उपलब्ध गराउनु पर्ने विषयमा ध्यानाकर्षण गरियो । |

| | | |
|---|---|---|
| ५ | २०७८/०४/२० | ***किर्तिपुर नगरपालिका तथा स्वास्थ्य मन्त्रालय वकालत कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधीहरुले किर्तिपुर नगरपालिकाको मेयर उपमेयर तथा कर्मचारीज्युहरु भेटेर अब बन्ने भौतिक संरचनाहरु अपाङता मैत्री हुनुपर्ने, अपाङता त्यसमा पनि मेरुदण्ड पक्षघात भई ह्विचियर प्रयोगकर्ता व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगारी तथा खेलकुदका विषयमा नगरपालिकाले विशेष ध्यान दिनु पर्ने लगायतका विषयमा नगर प्रमुख उपप्रमुखज्युहरुको ध्यानाकर्षण गरियो । साथै यस नगरपालिकामा मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुलाई निशुल्क दैनिक अत्यावश्यक मेकिकल सामाग्रीहरु तथा सम्पुर्ण अपाङता भएका व्यक्तिहरुलाई उनिहरुको आवश्यकता अनुसारको उचित सहायक सामाग्रीहरुको निशुल्क व्यवस्था स्थानिय निकायले उपलब्ध गराउनु पर्ने विषयमा ध्यानाकर्षण गरियो ।<br>साथै सोहि दिन स्वास्थ्य मन्त्री तथा स्वास्थ्य सचिवज्युहरुलाई भेटी मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको उपचार, पुनर्स्थापना, दैनिक अत्यावश्यक मेडिकल सामाग्रीहरुको व्यवस्था, Bes Sore को निशुल्क उपचार लगायतका विषयमा माननिय मन्त्रीज्यु तथा सचिवज्युको ध्यानाकर्षण गरियो । |
| ६ | २०७८/०४/२१ | ***महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय***<br><br>साउन २१ गतेका दिन मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधिहरुले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सचिव यमकुमारी खतिवडाज्यु तथा अपाङता अधिकार प्रवर्द्धन शाखा प्रमुखज्यु हरुलाई भेटेर सामाजिक सुरक्षा भत्तामा वृद्धि, मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुको छुट्टै वर्ग थप गर्नु पर्ने, अपाङता मैत्री संरचना निर्माणमा यस मन्त्रालयले नेतृत्व लिनुपर्ने, साथै अपाङता भएका व्यक्तिहरुको समग्र सवालहरुमा अभिभावकिय भुमिका निर्वाह गर्नु पर्ने विषयमा छलफल गरियो । र अर्थ मन्त्रीज्यु लाई भेटेर उपचार खर्च, अपाङता भएका व्यक्तिहरुलाइ सवारी साधनमा कर छुट, व्यवसायमा कर छुट सहायक सामाग्री उत्पादनको स्वदेशमानै उत्पादन गर्नु लगायतका विषयमा माननिय अर्थ मन्त्रीज्युको ध्यानाकर्षण गरियो । त्यसैगरी सोहीदिन माननिय गृह मन्त्री बालकृष्ण खाड तथा राष्ट्रिय सभाको विधान सशोंधन समितिका सयोंजक माननीय रामनारायण विडारीज्युहरुलाई समेत भेट गरि समग्र अपाङता विशेष गरि मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई सरकारले वहन गर्नु पर्ने दायित्व विषयमा छलफल गरियो । |

| | | |
|---|---|---|
| ७ | २०७८/०४/२७ | ***कम्प्युटर तालिमको आयोजना***<br><br>Laprosy mission found project को प्राविधिक सहयोग, खगेन्द्र नवजिवन विशेष शिक्षा माध्यमिक सँग सहकार्यगरी मेरुदण्डीय पक्षघात समुह नेपालले १५ जना अपाङता भएका व्यक्तिहरुको लागि आधारभुत कम्प्युटर तालिमको आयोजना गरेको छ । साथै उक्त तालिममा सहभागी केहि व्यक्तिहरुलाई अनलाइन सम्बन्धी जागिरको लागि पहल गर्ने यस परियोजनाको उद्देश्य रहेको छ । यस कार्यक्रमको उट्घातटन गोकर्णेश्वर नगरपालिकाको मेयर सन्तोष चालिषेज्युले गर्नुभएको थियो । |
| ८ | २०७८/०५/०५ | ***छैठौं बार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालको छैठौं बार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन गोकर्णेश्वर नगरपालिकाको उप मेयर शान्ति नेपाल ज्युको प्रमुख आतिथ्यतामा नेपाल अपाङ सघंको सामुदायिक हलमा सम्पन्न भयो । विशेष अतिथिहरुमा गोकर्णेश्वर नगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष मनोज ढुगांना ज्यु, गोकर्णेश्वर नगरपालिका कार्यपालिका सदस्य न्यायिक सदस्य तथा वडा नम्बर ९ को वडा सदस्य सत्यभामा श्रेष्ठ ज्यु, स्पाइनल इन्जरी सघंका कोषाध्यक्ष तथा मेरुदण्डीय पक्षघात समुह नेपालको सल्लाहकार अरभिन्द दास जोशी ज्यु, टक्सार म्यागाजिनका प्रधान सम्पादक तथा यस सस्थांका सल्लाहकार गजेन्द्र बुढाथोकी ज्यु, मेरुदण्डीय पक्षघात समुह नेपालका सल्लाहकार असोक मानन्धर ज्यु, कृष्ण खड्का ज्यु, कानुनी सल्लाहकार दिपकराज जोशी तथा सुन्दर ढोका साथि सेवाका अध्यक्ष कोषविलास अधिकारी ज्यु लगाएतको आतिथ्यतामा सम्पन्न अधिवेशनबाट ऋषिराम ढकाल ज्युको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन हुनुभएको छ । जसमा उपाध्यक्षमा झरना कुमारी राकसकोटी, महासचिवमा केशव थापा, सचिवमा राजेन्द्र खनाल, कोषाध्यक्षमा कृष्ण प्रसाद भण्डारी, सदस्यहरुमा हिमाल अर्याल, रविन्द्र खत्री, राम बहादुर तामाङ, लक्ष्मी कुवँर, सगिंता माझि र निर्मला भण्डारी रहनुभएको छ । |
| ९ | २०७८/०५/२२ | ***बागमती पुल देखि जोरपाटी चोक सम्म अपाङ्ग मैत्री फुटपाथ निर्माण सम्बन्धि छलफल सम्पन्न***<br><br>बाग्मती पुल देखी जोरपाटी चोक सम्म अपाङ्ग मैत्री फुटपाथ  निर्माण सम्बन्धि छलफल कार्यक्रम गरिएको छ । पिस ब्यन्केट जोरपाटीमा बागमती पुल देखि जोरपाटी चोक सम्म सडक बिभाग  बाट निर्माण हुने अपाङ्ग मैत्री फुटपाथ बिषयमा  छलफल भएको हो । कार्यक्रममा गोकर्णेश्वर नगरपालिका प्रमुख सन्तोष चालिसे वडा नं ५ का वडा अध्यक्ष नारायण बहादुर सुवेदी, वडा नं ६ का वडा अध्यक्ष रमेश अर्याल, महानगरीय ट्राफिक प्रहरी बौद्धका प्रमुख प्रहरी निरीक्षक सुरज बहादुर खड्का,नेपाल |

| | | |
|---|---|---|
| | | अपांग संघका साम्देन लामा, सी डी इ सडक बिभागका कृष्ण नाथ ओझा स्पाइनल कार्ड इन्जुरी नेटवर्कका ऋषिराम ढकाल सह संयोजक, रबि ढकाल,केशब थापा,लगायत सरोकारवालाहरुको उपस्थिति रहेको थियो । |
| १० | २०७८/०६/१० | ***<u>माननिय अर्थ मन्त्री श्री जर्नादन शर्माज्युलाई धन्यवाद कार्यक्रम</u>***<br><br>सम्माननिय प्रधानमन्त्री श्री शेर बहादुर देउवाको सरकार अन्तर्गत महत्वपूर्ण मन्त्रालय समालिरहनु भएका माननिय अर्थ मन्त्री श्री जर्नादन शर्मा ज्युलाई उहाँको कार्यकक्षमा भेटेर मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि उपचार खर्च बापट मासिक रु ५००० उपलब्ध गराउने क्याविनेटको निर्णय साथै संसद बाट समेट पास भएकोमा धन्यवाद सहित कहिलै कटौति नहुने गरि निति तथा ऐन बनाई तत्काल कार्यान्वयन गराउन उचित कार्यविधी बनाई अगाडि बढ्ने विषयमा छलफल गरियो । |
| ११ | २०७८/०६/२६ | ***<u>खाद्यान्न हस्तान्तरण कार्यक्रम</u>***<br><br>यस मेरुदण्डीय पक्षघात समुह नेपाल द्धारा सन्चालित मेरुदण्ड पक्षघात भई अपाङता भएका विद्यार्थीहरुको आवासमा आवासिय विद्यार्थीहरुको लागि राष्ट्र निर्माण मञ्च नेपाल द्धारा खाद्यान्न उपलब्ध गराउनु भएको थियो । हाम्रो सस्थांको कानुनी सल्लाहकार दिपक राज जोसीज्युको पहलमा राष्ट्र निर्माण मञ्च नेपाल द्धारा सहयोग प्राप्त भएको थियो । |
| १२ | २०७८/०७/०६ | ***<u>स्वास्थ्य सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम</u>***<br><br>स्पाइनल इन्जरी पुनर्स्थापना केन्द्रका मेडिकल डाइरेक्टर तथा स्पाइनल इन्जरी विशेषज्ञ डा. राजु ढकाल ज्युको उपस्थितिमा भर्चुअल (जुम) प्रविधि मार्फत स्वास्थ्य सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रमा १०० जना भन्दा बढी मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुको सहभागिता रहेको थियो । |
| १३ | २०७८/०७/१५ | ***<u>निशुल्क मेडिकल सामाग्री वितरण कार्यक्रम</u>***<br><br>मेरुदण्डिय पक्षघात समुह नेपालले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सचिब श्री यम कुमारी खतिवडा ज्यूको प्रमुख आतिथ्यतता, उपसचिब तथा अपांगता अधिकार प्रबर्धन शाखा प्रमुख श्री जमुना मिश्र, गोकर्णेश्वर नगर पालिका वार्ड नम्बर ८ को वडा प्रमुख श्री मनोज कुमार ढुगांना ज्यूको विशेष आतिथ्यतता २१ जना मेरुदण्ड पक्षघात भएका व्यक्ति हरूलाई नेपाल अपाङ सघंको सामुदायिक हलमा उनिहरुको आवश्यकताको आधारमा मेडिकल सामाग्री वितरण गरियो । |

| | | |
|---|---|---|
| | | |
| १४ | २०७८/०७/१५ | ***मानननीय मन्त्री श्री बिरोध खतिवडा ज्युसँग छलफल***<br><br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका माननीय मन्त्री श्री बिरोध खतिवडा ज्युसँग भेटघाट गरि Traumatic Injury भएका व्याक्तिलाई मात्र दिदै आएको विपन्न नागरिक अन्तर्गतको रकम (एक लाख रूपैया) non–traumatic Injury भएकाहरुलाई पनि दिनुपर्ने, प्लाष्टिक सर्जरी तथा घाउको उपचारको लागि सुष्मा मेमोरियल अस्पतालसँग सहकार्य गर्ने, मेरुदण्ड पक्षघात भएका व्याक्तिहरुलाई आवश्यक स्वास्थ सामग्री स्थानिय निकायबाट उपलब्ध गराउनु पर्ने, उपचार खर्च वापत सरकारले उपलब्ध गराएको रू ५००० को कार्यान्वयन तथा कार्यविधिका बिषयमा छलफल गरियो । |
| १५ | २०७८/०८/१ | ***वकालत तथा निशुल्क मेडिकल सामाग्री वितरण कार्यक्रम***<br><br>वाग्मती प्रदेशका मुख्य मन्त्री माननीय राजेन्द्र पाण्डे, सामाजिक विकाश मन्त्री माननीय कुमारी मोक्तान र हेटौडा उपमहानगरपालिका प्रमुख श्री हरि वहादुर महतज्युसँग भेटेर मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार तथा अपाङता मैत्री संरचना निर्माण लगायतका विषयमा छलफल गरियो । साथै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा बाग्मती प्रदेशका आर्थिक रुपमा विपन्न तथा दैनिक रुपमा अत्यावश्क मेडिकल सामाग्रीहरु जस्तै युरिन व्याग, सि.आई.सि क्याथेटर, फोलिक्स क्याथेटर, डाइफर, ग्लोब्स लगायतका मेडिकल सामाग्री मुख्य मन्त्री माननीय राजेन्द्र पाण्डेज्यु द्धारा बाग्मती प्रदेश स्पाइनल इन्जरी सघंका पदाधीकारीज्युहरुलाई हस्तान्तरण गरियो । र आगामी बर्षहरुमा यस प्रदेशमा रहेका मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि प्रदेश सरकारले स्थानिय निकाय मार्फत दैनिक अत्यावश्यक मेडिकल सामाग्री निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने माग माननिय मुख्य मन्त्री समक्ष राखियो । |
| १६ | २०७८/०८/०२ | ***वकालत तथा निशुल्क मेडिकल सामाग्री वितरण कार्यक्रम तथा जनचेतनामुलक बास्केटबल कार्यक्रम***<br><br>गते प्रदेश नं १ का मुख्य मन्त्री माननीय राजेन्द्र कुमार राई र सामाजिक विकास |

| | | |
|---|---|---|
| | | मन्त्री माननीय जयराम यादव ज्युसँग भेटेर मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार तथा अपाङता मैत्री संरचना निर्माण लगायतका विषयमा छलफल गरियो । साथै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा बाग्मती प्रदेशका आर्थिक रुपमा विपन्न तथा दैनिक रुपमा अत्यावश्क मेडिकल सामाग्रीहरु जस्तै युरिन व्याग, सि.आई.सि क्याथेटर, फोलिक्स क्याथेटर, डाइफर, ग्लोब्स लगायतका मेडिकल सामाग्री मुख्य मन्त्री माननीय राजेन्द्र कुमार राई द्धारा १ नम्बर प्रदेश स्पाइनल इन्जरी सघंका पदाधीकारीज्युहरुलाई हस्तान्तरण गरियो । र आगामी बर्षहरुमा यस प्रदेशमा रहेका मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि प्रदेश सरकारले स्थानिय निकाय मार्फत दैनिक अत्यावश्यक मेडिकल सामाग्री निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने माग माननिय मुख्य मन्त्री समक्ष राखियो ।<br>साथै Global Sports Mentoring Program, An Initiative Of the U.S Department of States को आर्थिक सहयोगमा इटहरीको तरहराको वाष्केटवल खेल मैदानमा जनचेतना मुलक ह्विचियर वाष्केटवल खेल प्रतियोगिता आयोजना गरिएको थियो । उक्त ह्विलचियर बास्केटबल प्रतियोगितामा प्रदेश नम्बर १ मा रहनु भएका शारिरिक रुपमा अपाङ्ता भएका ह्विलचियर प्रयोगकर्ता साथिहरुको भव्य उपस्थित रहेको थियो । |
| **१७** | **मिति २०७८ साल मंसिर ३,** | ***<u>वकालत तथा निशुल्क मेडिकल सामाग्री वितरण कार्यक्रम</u>***<br><br>प्रदेश नम्बर २ का सामाजिक मन्त्रालयका सचिव श्री ईम नारायण श्रेष्ठज्यु तथा स्वास्थ्य महाशाखा प्रमुखज्यु हरु सगँ भेटघाट ज्युसँग भेटेर मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार तथा अपाङता मैत्री संरचना निर्माण लगायतका विषयमा छलफल गरियो । साथै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा बाग्मती प्रदेशका आर्थिक रुपमा विपन्न तथा दैनिक रुपमा अत्यावश्क मेडिकल सामाग्रीहरु जस्तै युरिन व्याग, सि.आई.सि क्याथेटर, फोलिक्स क्याथेटर, डाइफर, ग्लोब्स लगायतका मेडिकल सामाग्री सचिव श्री ईम नारायण श्रेष्ठज्यु मार्फत प्रदेश २ स्पाइनल इन्जरी सघंका पदाधीकारीज्युहरुलाई हस्तान्तरण गरियो । र आगामी बर्षहरुमा यस प्रदेशमा रहेका मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि प्रदेश सरकारले स्थानिय निकाय मार्फत दैनिक अत्यावश्यक मेडिकल सामाग्री निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने माग श्रीमान सचिव समक्ष राखियो । |

| | | |
|---|---|---|
| १८ | **मिति २०७८ साल मंसिर ५** | ***<u>वकालत तथा निशुल्क मेडिकल सामाग्री वितरण कार्यक्रम</u>***<br><br>सुदुरपशिचम प्रदेशका मुख्य मन्त्री माननीय त्रिलोचन भट्टज्युलाईज्युसँग भेटेर मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार तथा अपाङता मैत्री संरचना निर्माण लगायतका विषयमा छलफल गरियो । साथै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा बाग्मती प्रदेशका आर्थिक रुपमा विपन्न तथा दैनिक रुपमा अत्यावश्क मेडिकल सामाग्रीहरु जस्तै युरिन व्याग, सि.आई.सि क्याथेटर, फोलिक्स क्याथेटर, डाइफर, ग्लोब्स लगायतका मेडिकल सामाग्री मुख्य मन्त्री माननीय त्रिलोचन भट्टज्युलाई मार्फत सुदुरपशिचम प्रदेश स्पाइनल इन्जरी सघंका पदाधीकारीज्युहरुलाई हस्तान्तरण गरियो । र आगामी बर्षहरुमा यस प्रदेशमा रहेका मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि प्रदेश सरकारले स्थानिय निकाय मार्फत दैनिक अत्यावश्यक मेडिकल सामाग्री निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने माग श्रीमान सचिव समक्ष राखियो । |
| १९ | **मिति २०७८ साल मंसिर ६** | ***<u>वकालत तथा निशुल्क मेडिकल सामाग्री वितरण कार्यक्रम</u>***<br><br>कर्णाली प्रदेश सामाजिक मन्त्रालयको सह-सचिव श्री विष्णु प्रसाद अधिकारीज्यूसँग भेटेर मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार तथा अपाङता मैत्री संरचना निर्माण लगायतका विषयमा छलफल गरियो । साथै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा बाग्मती प्रदेशका आर्थिक रुपमा विपन्न तथा दैनिक रुपमा अत्यावश्क मेडिकल सामाग्रीहरु जस्तै युरिन व्याग, सि.आई.सि क्याथेटर, फोलिक्स क्याथेटर, डाइफर, ग्लोब्स लगायतका मेडिकल सामाग्री सह-सचिव श्री विष्णु प्रसाद अधिकारीज्यू मार्फत कर्णाली प्रदेश स्पाइनल इन्जरी सघंका पदाधीकारीज्युहरुलाई हस्तान्तरण गरियो । र आगामी बर्षहरुमा यस प्रदेशमा रहेका मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि प्रदेश सरकारले स्थानिय निकाय मार्फत दैनिक अत्यावश्यक मेडिकल सामाग्री निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने माग श्रीमान सह सचिव समक्ष राखियो । |
| २० | **मिति २०७८ साल मंसिर ७,** | ***<u>वकालत तथा निशुल्क मेडिकल सामाग्री वितरण कार्यक्रम</u>***<br><br>लुम्विनी प्रदेशको मुख्य मन्त्री माननीय कुलचन्द्र के.सी.ज्युलाई भेटेर मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार तथा अपाङता मैत्री संरचना निर्माण लगायतका विषयमा छलफल गरियो । साथै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा लुम्बीनी प्रदेशका आर्थिक रुपमा विपन्न तथा दैनिक रुपमा अत्यावश्क मेडिकल सामाग्रीहरु जस्तै युरिन व्याग, सि.आई.सि क्याथेटर, फोलिक्स क्याथेटर, डाइफर, ग्लोब्स लगायतका मेडिकल सामाग्री मुख्य मन्त्री माननीय |

मेरुदण्डीय पक्षघात समूह नेपाल
Spinal Cord Injury Network Nepal
2015

| | | |
|---|---|---|
| | | त्रिलोचन भट्टज्युलाई मार्फत सुदुरपश्चिम प्रदेश स्पाइनल इन्जरी सघंका पदाधीकारीज्युहरुलाई हस्तान्तरण गरियो । र आगामी बर्षहरुमा यस प्रदेशमा रहेका मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि प्रदेश सरकारले स्थानिय निकाय मार्फत दैनिक अत्यावश्यक मेडिकल सामाग्री निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने माग माननिय मुख्य मन्त्री समक्ष राखियो । |
| २१ | **मिति २०७८ साल मंसिर ९,** | ***वकालत तथा निशुल्क मेडिकल सामाग्री वितरण कार्यक्रम तथा जनचेतनामुलक बास्केटबल कार्यक्रम***<br><br>गण्डकी प्रदेशको माननीय मुख्य मन्त्री कृष्णचन्द्र नेपाली पोखेलज्यु समक्ष मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, रोजगार तथा अपाङता मैत्री संरचना निर्माण लगायतका विषयमा छलफल गरियो । साथै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा बाग्मती प्रदेशका आर्थिक रुपमा विपन्न तथा दैनिक रुपमा अत्यावश्क मेडिकल सामाग्रीहरु जस्तै युरिन व्याग, सि.आई.सि क्याथेटर, फोलिक्स क्याथेटर, डाइफर, ग्लोब्स लगायतका मेडिकल सामाग्री मुख्य मन्त्री माननीय मुख्य मन्त्री कृष्णचन्द्र नेपाली पोखेलज्यु द्धारा गण्डकी प्रदेश स्पाइनल इन्जरी सघंका पदाधीकारीज्युहरुलाई हस्तान्तरण गरियो । र आगामी बर्षहरुमा यस प्रदेशमा रहेका मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको लागि प्रदेश सरकारले स्थानिय निकाय मार्फत दैनिक अत्यावश्यक मेडिकल सामाग्री निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने माग माननिय मुख्य मन्त्री समक्ष राखियो ।<br>साथै Global Sports Mentoring Program, An Initiative Of the U.S Department of States को आर्थिक सहयोगमा हरियोखर्क अवस्थित वाष्केटवल खेल मैदानमा जनचेतना मुलक ह्विचियर वाष्केटवल खेल प्रतियोगिता आयोजना गरिएको थियो । उक्त ह्विलचियर बास्केटबल प्रतियोगितामा गण्डकी प्रदेश मा रहनु भएका शारिरिक रुपमा अपाङ्ता भएका ह्विलचियर प्रयोगकर्ता साथिहरुको भव्य उपस्थित रहेको थियो । |
| २२ | २०७८साल मंसिर १२ | ***स्वास्थ्य मन्त्रालयमा छलफल कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालका प्रतिनिधिहरूले गृह तथा अर्थ मन्त्रालयमा पुगी मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई उपचार खर्च वापत सरकारले दिने भनेको मासिक रू ५००० को बिषयमा के प्रगति भईरहेको छ भन्ने बारेमा जिज्ञासा राखी केहि जानकारी प्राप्त गरी उक्त जानकारि अनुसार स्वस्थ्य तथा जनसंख्या मन्त्रालयको निति तथा योजना महाशाखाका प्रमुख डा. गुण निधी ज्युको नेतृत्वमा पहिलो कार्यबिधिको ड्राफ बन्दैगरेको जानकारि प्राप्त गरियो । |

| | | |
|---|---|---|
| २३ | २०७८साल मंसिर १४ | ***खाद्यान्न हस्तान्तरण कार्यक्रम***<br><br>लक्ष्मी लघुवित्त वित्तीय संस्थाको स्थापनाको ११ वर्ष पूरा भई १२ औ वर्ष प्रवेश गरेको सुअवसरमा हाम्रो संस्था द्वारा संचालित मेरुदण्ड पक्षघात भएका विद्यार्थीहरूको independent living practice होमको लागि खाध्यान्न हस्तान्तरण कार्यक्रम गरियो । संस्थाका आजीवन सदस्य Tara Prasad Pandey र कार्यसमिति सदस्य Rajendra Khanal ज्युको सयोंजनमा यस कार्यक्रम सफल भएको थियो । |
| २४ | २०७८साल मंसिर १७ | ***३० औ अन्तराष्ट्रिय अपाङता दिवस २०७८***<br><br>“हाम्रो प्राथमिकताको आधार, अपाङ्ता भएका व्यक्तिको अधिकार” राष्ट्रिय अपाङ् कोषको आयोजनामा अपाङ्ता भएका व्यक्तिहरुको ३० औ अन्तराष्ट्रिय दिवस २०७८ को अवसरमा यस मेरुदण्डीय पक्षघात समुह नेपालका कोषाध्यक्ष कृष्ण प्रसाद भण्डारी ज्यू “हेम गंगा शारीरिक अपाङ्ता प्रतिभा पुरस्कार” र कार्यसमिति सदस्य लक्ष्मी कुवँर ज्यू “ ज्योति के.सी. मेरुदण्ड पक्षघात महिला प्रतिभा पुरस्कार” बाट सम्मानित कार्यक्रममा सहभागि भई ३० औ अन्तराष्ट्रिय अपाङता दिवस २०७८ मनाइयो । |
| २५ | . २०७८/९/५ | ***ध्यानाकर्षन कार्यक्रम***<br><br>मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई उपचार खर्च वापत सरकारले दिने भनेको मासिक रू ५००० को कार्यबिधिको बारेमा स्वास्थ सचिब डाक्टर रोशन पोखेल ज्यू संग भेट गरी कार्यबिधिको प्रगतिको बारेमा छलफल तथा छीटो कार्यबिधि तयार गरी शीघ्र कार्यान्वयन को लागि ध्यानाकर्षन गरियो । |
| २६ | २०७८/९/५ | ***निशुल्क मेडिकल सामाग्री वितरण कार्यक्रम***<br><br>महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आर्थिक सहयोगमा स्पाइनल कर्ड इन्जरी पुनर्स्थापना केन्द्रमा पुनर्स्थापना गरिरहनु भएका १७ जना मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई निशुल्क अत्यावश्क मेडिकल सामाग्रीहरु जस्तै युरिन व्याग, सि.आई.सि क्याथेटर, फोलिक्स क्याथेटर, डाइफर, ग्लोब्स लगायतका मेडिकल सामाग्री वितरण गरियो । |

| | | |
|---|---|---|
| २७ | २०७८/९/२४ | ***मानवमैत्री रिङरोड निर्माण शान्तिपुर्ण विरोध कार्यक्रम***<br><br>रिङरोड नागरिक सरोकार समिति गठन गरि बन्दै गरेको रिङरोड लाई मानव मैत्री बनाउनु पर्ने माग गर्दै महाराजगंज चोक देखी शंखपार्क सम्म शान्तिपुर्ण र्‍यालीमा सस्थांको तर्फबाट सक्रिय रुपमा सहभागिता भई सम्बन्धित निकायको ध्यानाकर्षन गरियो । |
| २८ | २०७८/११/२० | ***नेपाल विद्युत प्राविधिकरणको कार्यकारी ज्युसगँ छलफल कार्यक्रम***<br><br>जोरपाटी चोक देखी बाग्मती पुल सम्मको अपाङतामैत्री footpath निर्माण क्रममा उक्त स्थानमा रहेका बिजुलीको पोलहरुको कारण समस्या भईरहेको हुदाँ उक्त पोलहरु स्थानान्तरण गरिदिन आग्रह गर्दै नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान ज्यु सँग छलफल गरियो । |
| २९ | २०७८/१२/१ | ***उपचार खर्च कार्यविधि सम्बन्धमा ध्यानाकर्षण***<br><br>मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई उपचार खर्च वापत सरकारले दिने भनेको मासिक रू ५००० को कार्यबिधिको बारेमा माननिय अर्थमन्त्री, अर्थमन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार तथा बजेट महाशाखाका सह-सचिब ज्यूहरूसंग भेटघाट गरी कार्यबिधिको प्रगति शीघ्र कार्यान्वयन को लागि ध्यानाकर्षन गरियो । |
| ३० | २०७८/१२/१६ | ***अर्थ सचिवज्यु सगँ छलफल***<br><br>श्रीमान अर्थ सचिब मधुसूदन मरासैनीज्यूलाई उहाँको कार्यकक्षमा भेटी Spinal Injury भएका व्यक्तिहरूले उपचार ख्रर्च यथाशिघ्र  कार्यान्वयन तथा यस हाम्रो सस्थांको भवन निर्माणको लागि आर्थिक सहयोगको सम्बन्धमा छलफल गरियो । |
| ३१ | २०७८/१२/१६ | **अन्यायपुर्ण कार्यविधिको सशोंधन सम्बन्धमा अर्थमन्त्रीको ध्यानाकर्षण तथा आ.व को बजेट र नीति तथा कार्यक्रममा सुझाव पेश**<br><br>नेपाल सरकार (मा. मन्त्री स्तर) बाट मिति २०७८ चैत १३ गतेका दिन स्विकृत मेरुदण्ड पक्षघात बिरामि, क्यान्सर रोगी, मृर्गौला डाइलोसिस् लगायतलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि २०७८ को परिच्छेद(२ को ४ अनुसार मेरुदण्ड पक्षघात भई अपाङता भएका व्यक्तिहरुको लागि उपचार खर्च  सामाजिक |

| | | |
|---|---|---|
| | | संरक्षण अन्तर्गत पर्ने भएकोले सामाजिक सुरक्षा भत्ता सगँ जोडिएको हुदाँ सामाजिक सुरक्षा भत्ता र उपचार खर्च फरक रहेको जानकारी सहित तत्काल सशोंधनको लागि माननिय अर्थमन्त्रीज्यू, सचिव ज्यूहरुको गम्भीर ध्यानाकर्षण गरियो । माननिय अर्थमन्त्रीज्यू द्धारा तत्काल कार्यबिधि सशोंधन र कार्यान्वयनको लागि अग्रसरता लिनु भएको छ । साथै आगामी आ.व को बजेट र नीति तथा कार्यक्रमको सम्बन्धमा मेरुदण्ड पक्षघात समुह नेपाल, राष्ट्रिय अपाङ महासघं लगायतका सस्थांहरु बाट समग्र अपाङताको सवाल प्रस्तुत गरियो । |
| ३२ | २०७८/१२/२६ | ***वनभोज कार्यक्रम आयोजना***<br><br>यस मेरुदण्डीय पक्षघात समुह नेपाल द्धारा आयोजित मेरुदण्ड पक्षघात भएका विद्यार्थीहरुको लागि स्वावलम्वन जिवन पद्धती सिकाइ आवास घरमा आवासिय विद्यार्थी र कार्यसमितिका सदस्यहरु बिच बालाजु पार्कमा वनभोजमा कार्यक्रमको आयोजना गरियो । |
| ३३ | २०७९/१/१० | ***स्वस्थ्य तथा जनसंख्या मन्त्रालयका माननिय मन्त्री बिरोध खतिवडाज्युको ध्यानाकर्षण***<br><br>मिति २०७९ साल बैशाख ९ गते मेरुदण्डिय पक्षघात समुह नेपालका पदाधिकारिहरु स्वस्थ्य तथा जनसंख्या मन्त्रालयका माननिय मन्त्री बिरोध खतिवडा ज्यु, मन्त्रीका सल्लाहाकार डा. रमेश ढकाल ज्युलाई भेटी मेरुदण्ड पक्षघात भएका व्याक्तिहरुलाई सरकारले उपचार खर्च (सामाजिक संरक्षण खर्च) बापत मासिक रू ५००० दिने कार्यविधीको परिच्छेद २ को बुदा ४ (सामाजिक सुरक्षा भत्ता वा उपचार खर्च अर्थात सामाजिक संरक्षण मध्ये एक सुविधा पाउने) लाई तुरुन्तै संशोधन गरि सामाजिक सुरक्षा र सामाजिक संरक्षण एउटै नभई फरक फरक सेवा रहेको र दुबै उपलब्ध गराउनु पर्ने कुरामा ध्यानाकर्षण गराइयो । |
| ३४ | २०७९/१/१० | ***अपाङतामैत्री पर्यटकीय सरंचना निर्माण सम्बन्धमा ध्यानाकर्षण***<br><br>अपाङ्गता भएका विशेष गरि ह्विलचियर प्रयोगकर्ता ब्यक्तिहरुलाई समेत पर्यटकीय स्थलहरु अपाङ्गता मैत्री निर्माण गर्नको लागि स्वयम्भू विकास तथा सम्बर्धन महासमितिका अध्यक्ष धर्ममुर्ति, पशुपति क्षेत्र विकास समितिका सदस्य सचिव डा. मिलन कुमार थापा, पुरातत्व विधागका महानिर्देशक दामोदर गौतम, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा. धनञ्जय रेग्मीलाई प्रत्यक्षरुपमा भेटी स्वयम्भू क्षेत्र,पशुपतिनाथ क्षेत्र, सबै दरवार स्क्वायर क्षेत्रहरु पुर्ण अपाङता मैत्री हुनुपर्ने मागसहित ध्यानाकर्षण पत्र बुझाइएको । |

| | | |
|---|---|---|
| ३५ | २०७९/२/१८ | ***बधाई तथा शुभकामना कार्यक्रम***<br><br>स्थानिय निर्वाचन २०७९ वैशाख ३० गते सम्पन्न निर्वाचनमा गोकर्णेश्वर नगरपालिकामा निर्वाचित हुनुभएका मेयर श्री दिपक रिसालज्यु, उपमेयर सान्नानी लामाज्यु साथै वडा नम्बर ८ को वडा अध्यक्ष श्री नन्दलाल श्रेष्ठज्यु लाई बधाई तथा शुभकामना प्रदान कार्यक्रम आयोजना गरियो । |
| ३६ | २०७९/२/२१ | ***माननिय पर्यटन मन्त्रीज्युलाई ध्यानाकर्षण पत्र***<br><br>AccessibleNepal.com सँगको सहकार्यमा विश्व सम्पदामा सुचिकृत स्थलहरु, धार्मिक स्थलहरु अपाङ्ता मैत्री हुनु पर्ने, हरेक विमान स्थलमा ऱ्यामको व्यवस्था हुनु पर्ने, पुर्ण अपाङता मैत्री शौचालय अनिवार्य हुनु पर्ने आदि माग सहित संस्कृति, पर्यटन र नागरिक उड्यान मन्त्री प्रेम आलेलाई ध्यानाकर्षण पत्र बुझाइयो । |
| ३७ | २०७९/२/२४ | ***वकालत कार्यक्रम***<br><br>मेरुदण्डीय पक्षघात समुह नेपालका पदाधिकारीज्युहरु तथा बनेपामा रहेका स्पाइनल कर्ड इन्जरी भएका व्यक्तिहरुमिलेर काभ्रे जिल्लाको प्रमुख जिल्ला अधिकारीज्यु त्यसैगरी धुलिखेल नगरपालिका तथा बनेपा नगरपालिकाको मेयर तथा उपमेयरज्युहरुलाई भेटेर अपाङता मैत्री संरचना निर्माण, अपाङता भएका व्यक्तिहरुलाई निशुल्क सहायक सामाग्री, दैनिक आवश्यक मेडिकल सामान, शिक्षा रोजगार लगायतका विषयहरुमा ध्यानाकर्षण गरि उल्लेखित विषयमा स्थानिय सरकारले दायित्व वहन गर्नु पर्ने विषयमा छलफल गरियो । |
| ३८ | २०७९/२/३० | ***आधारभुत कम्प्युटर तालिमको समापन***<br><br>गोकर्णेश्वर नगरपालिकाको आर्थिक सहयोगमा मेरुदण्डीय पक्षघात समुह नेपालले शारिरिक रुपमा अपाङगता भएका १७ जना व्यक्तिहरुलाई ३ महिने कम्प्युटर तालिमको प्रदान गरेको छ । उक्त तालिमको समापन कार्यक्रममा प्रमुख अतिथि गो. न. पा ८ को वडा अध्यक्ष श्री नन्दलाल श्रेष्ठज्युले तालिममा सहभागि भएका व्यक्तिहरुलाई प्रमाण पत्र प्रदान गर्नु भएको थियो भने कम्प्युटर तालिमको लागि ल्याबको व्यवस्था खगेन्द्र नवजिवन विषेश शिक्षा माध्यमिक विद्यालयले उपलब्ध गराएको थियो । त्यसैगरि leprosy mission found project सँग सहकार्य गरि उक्त तालिम |

| | | |
|---|---|---|
| | | अन्य अपाङता भएका व्यक्तिहरुको लागि १ बर्ष सम्म सन्चालन गर्ने सम्झौता भएको छ । |
| ३९ | २०७९/३/०६ | ***गोकर्णेश्वर नगरपालिकामा माग पत्र पेश ।***<br><br>गोकर्णेश्वर नगरपालिकाका उपप्रमुख सान्नानी लामा, प्रमुख प्रसासकीय अधिकृत वैकुण्ठ प्रसाद सापकोटा लगायतको उपस्थिती गोकर्णेश्वर नगरपालिकाका मेयर दीपक रिसालज्युलाई अपांगता भएका व्यक्तिहरुका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, खेलकुद, सहायक सामग्री, सहयोगी लगायत, अपांगता मैत्री भौतिक निर्माण जस्ता विभिन्न विषयलाई नगरपालिकाको नयाँ बजेटमा समेट्न माग गर्दै ११ बुदे माग पत्र हस्तान्तरण गरियो । |
| ४० | २०७९/३/१८ | ***खाद्यान्न तथा मेडिकल सामाग्री हस्तान्तरण कार्यक्रम***<br><br>यस मेरुदण्डीय पक्षघात समुह नेपाल द्धारा सन्चालित मेरुदण्ड पक्षघात भई अपाङता भएका विद्यार्थीहरुको आवासमा आवासिय विद्यार्थीहरुको लागि पारिजात बचत तथा ऋण सहकारी संस्था द्धारा अन्तराष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा उक्त सहकारीका उपाध्यक्ष टंकराज काफ्लेज्यु, संञ्चालक एवम् महिला उप-समिति संयोजक श्री निरन्जना धौभडेल, महिला उप-समिति सदस्य श्री विद्या भट्टराई सदस्य श्री शकुन्तला थापा एवम् सक्रिय शेयर सदस्यहरू श्री चानस बहादुर कार्की र प्रमिला न्यौपाने लगायतको टिमले खाद्यान्न तथा मेडिकल सामाग्री उपलब्ध गराउनु भएको थियो । |

**कार्यक्रमको प्रगति**

यस संस्थाले मेरुदण्ड पक्षघात भएका १५ जना विद्यार्थी हरुलाई लाइ independent living practice home मार्फत अपाङ्ग मैत्री वातावरणमा पढ्ने व्यवस्था गर्नुका साथै अपाङ्गता सम्बन्धी वकालत जनचेतना लगायत बिभिन्न कार्यक्रम गर्न सफल भएको छ । स्थानिय सरकार, प्रदेश सरकार तथा सघिंय सरकार, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय अपाङ महासघं,

विभिन्न प्रकारका अपाङता भएका व्यक्तिहरुको सघं सस्थांहरु, प्रादेशिक स्पाइनल इन्जरी सस्थांहरु, मेरुदण्ड पक्षघातको क्षेत्रमा काम गर्ने सस्थांहरु र विभिन्न सरोकारवाला, सघं संस्था, दातृनिकाय हरुसंगको समन्वयमा बृद्धि भएको छ ।

**भाविकार्यक्रम तथा योजनाहरु**

मेरुदण्डिय पक्षघात समुह नेपालको आफ्नै भवन निर्माणको लागि आवश्यक कार्य गर्ने ।
मेरुदण्ड पक्षघात सम्बन्धी जनचेतना जगाउन विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

मेरुदण्डिय पक्षघात भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ, खेलकुद, संचार, रोजगार जस्ता विषयहरुमा छलफल गर्ने र कार्यान्वयनमा पहल गर्ने ।

पुनर्स्थापना तथा घाउ सर्जरीको लागि अस्पतालहरुसँग सहकार्य गर्ने ।

मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुको मुख्य साझा समस्या तथा आवश्यकता पहिचान गरी सम्वधीत निकायमा वकालत गर्ने ।

भैतिक संरचनालाई पहुँचयुत्त बनाउन सम्वन्धीत निकायमा पहल गर्ने ।

SCI data collection तथा प्रदेशहरुमा स्पाइलन इन्जरी भएका व्यक्तिहरुको समुह बनाउने ।

अपाङ्गमैत्री फुटपाथको विस्तारमा निरन्तर काम गर्ने ।

AccessibleNepal.com सँग मिलेर अपाङ्गमैत्री पर्यटनको लागि आवश्वक काम गर्ने ।

अङग्रेजी भाषा तथा कम्प्युटर तालिमको सञ्चालन गर्ने ।

आदि/इत्यादी ।

अन्त्यमा संस्थाका कार्यसमितिकम सम्पुर्ण पदाधिकारी ज्युहरु, तथा यस वर्ष हाम्रो संस्थाले गरेका प्रत्येक कार्यक्रमहरु सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने संघ संस्था तथा व्यक्तिहरु प्रति आभारी भइ संस्थाको विकासमा टेवा पुऱ्याउन सहयोग गर्नुहुने दात्री निकायहरु साझेदार संस्थाहरु, कर्मचारि, स्वयं सेवक ज्युहरु तथा सबै सरोकारवाला संस्था र व्यक्तिहरुलाई धन्यवाद दिन चाहान्छु र आगामी दिनहरुमा पनि यस्तै प्रकारको साथ र सहयोग मिल्ने अपेक्षा राख्दछु । माथि उल्लेखित कार्यहरु यस संस्थाका कार्यसमितिको सदस्यहरुको सक्रिय र निरन्तर सहयोग र साथबाट मात्र सफल हुन सकेको हुदाँ सम्पुर्ण सदस्यहरुप्रति आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

**केशव थापा**

**महासचिव**

**मेरुदण्डीय पक्षघात समूह नेपाल**

**गोकर्णेश्वर न. पा. ०८ माकलवारी काठमांडौ ।**